राजपुर गाउँपालिका (कार्यसम्पादन) नियमावली,२०७४ को दफा ९(१) बमोजिम राजपुर गाउँ कार्यपालिका अध्यक्षबाट कसिधै प्रस्तुत प्रस्तावहरु :

१. वायोग्यास पलान्ट निर्माण सम्बन्धमा ।

२. आठौ गाउँ सभामा  सम्बन्धमा ।

३.नदिजन्य पदार्थ उत्खनन सिफारिस सम्बन्धमा  ।

४. भौतिक पुर्वाधार निर्माण अनुदान सम्बन्धमा ।

५. लगत संकलन व्यवस्थापन इकाई स्थपना र सो कार्यको लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

६.के.सी निर्माण सेवालाई पत्राचार गर्ने सम्बन्धमा ।

७. साधारण मा.वि सालभौरी गुरुयोजनाको कलस्टर बमोजिम निर्माण समितिलाई अनुमति दिने सम्बन्धमा ।

<u>निर्णयहरु :</u>

<u>निर्णय नं. १</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा संघिय सशर्त अनुदान तर्फ राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम अन्तरगत सौर्य उर्जा तथा बायोग्यास उत्पादन तथा प्रयोगका लागि स्वीकृत बजेटबाट यस गाउँपालिका क्षेत्रमा वायोग्यास प्लान्ट निर्माण गर्न उपयोगी हुने र वायो ग्यास निर्माण गर्न वडा नं २ का इच्छुक व्यक्तिहरुबाट निवेदन माग गरी म्याद भित्र दर्ता भई मापदण्ड पुरा भएका व्यक्तिहरुको समुह/समिति निर्माण गरी प्राविधिक स्टोमेटको आधारमा सो कार्यक्रम समिति/समुहहरुबाट प्रस्ताविक कम्पनी र कार्यालय बिच सम्झौता गर्न भनी निर्णय भएको सम्बन्धमा राजपुर गा.पा २ नं. वडा कार्यालयको च.नं ६५० र ६५१ मिति २०७७१०।२७ को पत्रानुसार उक्त बायो ग्यास निर्माण  योजना सम्पन्न गर्नका लागि विगत वर्ष देखि काम गर्दै आइरहेको विश्वासिलो र भरपर्दो कम्पनी नागरिक ईनर्जि डेभलपमेन्ट प्रा.लि शाखा कार्यालय लमही, दाङ मुकाम बर्दिया मार्फत निर्माण कार्य गर्ने भनी उपभोक्ता समितिबाट छनौट भएको  र गत बर्ष सोहि प्रा.लि मार्फत सूरुवात भएको , कोभिड १९ माहामरीको कारण कार्य सम्मपन्न नभएकोले सो योजना सम्पनन्नको लागि संघिय सशर्त अनुदान तर्फ राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रमको ८ लाख रकम उपलब्ध गराई दिनुहुन भनि लेखि आएको सम्बन्धमा स्थानीय तहका लागि नविकरणीय/वैकल्पिक ऊर्जा शिर्षकमा विनियोजन सर्शत अनुदान अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयनका लागि मार्गदर्शनको दफा ५ बमोजिम नेपाल सरकारबाट प्राप्त सर्शत अनुदानको लागि तोकिएका नवीकरणीय उर्जा प्रविधिहरु प्राविधिक हिसबले सम्भाब्य नदेखिएमा कार्यपालिकाको निर्णय अनुसार प्राथमिकतामा परेका नवीकरणीय ऊर्जाका प्रविधि जडान उप शीर्षकमा खर्च गर्न सकिने व्यवस्था भए अनुसार प्राविधिक हिसाबले अन्य उर्जाका प्रविधि जडान गर्न सम्भाब्य नभएको र यस गाउँपालिकाको प्राथमिकता अनुसार बायोग्यास जडान  उपशिर्षकमा अनुदान रकम ८ लाख उपलब्ध गराई नागरिक ईनर्जि डेभलपमेन्ट क.प्रा.लि संग सम्झैता गरि योजना सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस राजपुर गाउँपालिकाको आठौं गाउँसभा मिति २०७६ साल चैत्र ९ गते बिहान ८ बजे बस्ने र सोको तयारिको लागि मिति २०७७।१२।८ गते बिहान ८ बजे बस्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा राजपुर गा.पा ३ नं. वडा कार्यालयको सिफारिस अनुसार यस राजपुर गाउँपालिका वडा नं. ३ को खरदरिया राप्तीको घाटबाट नदिजन्यको लागि सिफारिस माग भई आएको सम्बन्धमा गाउँपालिकाको नदिजन्य पदार्थ उत्खनन् अनुगमन समितिले अनुगमन गरि प्रतिवेदन तयार भई सकेपछि मात्र प्रतिवेदनको आधारमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अर्न्तगत विधालय भौतीक पुर्वाआधार निर्माण अनुदान तर्फ कार्यक्रमहरु चालु आ.व.२०७७।७८ को लागी तपशिलका विधालय छनौट गरि विधालय भौतीक निर्माण आयोजना सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| क.स | कार्यक्रमको नाम | वजेट रु | छनौट गरीएको विद्यालय | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | wash सुविधा भएको शौचालय निर्माण अनुदान | ७ लाख | श्री दिपेन्द्र प्रा.वि ,कल्याणपुर नाका | राजपुर ६ | |
| २ | wash सुविधा भएको शौचालय निर्माण अनुदान | ७ लाख | श्री जनप्रिय प्रा.वि., सिमजगमरी | राजपुर ७ | |

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भुमिहीन दलित,भुमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न नेपाल सरकार भुमि सम्बन्धी समस्या समधान आयोग ताहाचल काठमान्डौ र यस राजपुर गाउँपालिका बिच सम्झौता भइसकेको, सोहि सम्झौता बमोजिम स्थानीय तहको जिम्मेवारीहरु नं. ग अनुसार लगत संकलन तथा जग्गा नापजाँच कार्यको लागि अनुसुची १ मा उल्लेख भए बमोजिम संयोजक,सर्भेक्षक,अमिन,सामाजिक परिचालक,तथ्यांक संकलन, तथ्यांक प्रबिष्टि कर्ता, सहायोगी र आवश्यक पुर्वाधार (कम्प्युटर, प्रिन्टर, स्क्यानर आदि समेतको कार्यकक्ष) सहितको एक भुमिहीन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत

संकलन इकाई स्थापना गर्ने । स्थानीय तहले उल्लेखित जनशक्तिमा संयोजक बाहेक कार्यबोझका आधारमा अन्य जनशक्तिहरु थप गर्न सक्नेछ । सो इकाईकामा स्थानीय तहमार्फत सेवा करार गरिएका जनशक्तिको तलब भत्ता लगायतका सुविधा स्थानीय तहले नै बेहोर्ने, भनी सम्झौता गरिएको हुदाँ तपशिल बमोजिमका जनशिक्त करारमा भर्ना गरि लगत संकलन स्थापना गर्ने र सो इकाइ व्यवस्थापन तथा कर्मचारीहरुको तलब भत्ता, सेवा सुविधा उपलब्ध गराउन आवश्यक बजेट रु १५ लाख भैपरि आउनु चालु खर्च शिर्षकबाट खर्च गर्ने र आगामी सभाबाट अनुमोदन गर्ने निर्माण गरियो ।

तपशिल :

| क.स | आवश्यक जनशक्तिको पद | तह (स्थानीय सेवा) | संख्या (जना) | कैफियत |
|---|---|---|---|---|
| १ | संयोजक | छैठौ | १ | |
| २ | सर्भेक्षक | पाँचौ | १ | |
| ३ | अमिन | चौथो | २ | |
| ४ | सामाजिक परिचालक | चौथो | १ | |
| ५ | तथ्यांक संकलक | चौथो | १० | |
| ६ | तथ्यांक प्रबिष्टिकर्ता | चौथो | १ | |
| ७ | फिल्ड सहयोग | श्रेणीबिहिन | १ | |

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिति २०७७।१०।२५ गतेको कार्यपालिकाको निर्णय के.सी निर्माण सेवालाई स्टक अनुसारको राजस्व हिसाव मिलान गरि जरिमाना सहित १५ दिन भित्र यस कार्यालयमा राजस्व दाखिला गर्न भनी पत्राचार गरिएको तर हाल सम्म पनि राजस्व दाखिला नगरेको हुदाँ मिति २०७७।१२।०८ गतेको कार्यापालिकाको बैठकमा उपस्थित हुन पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत श्री साधारण मा.वि. गंगदी सालभौरीको स्वीकृत गूरुयोजना बमोजिम विभिन्न १३ बटा कलष्टर मा निर्माण कार्य गदै लैजाने कार्यक्रम अनुरुप चालु बर्षका लागि स्वीकृत बजेटबाट विद्यालय कक्षाकोठा निर्माण गर्न तत्काल आवश्यक रहेको देखिएकोले हाल दुई वटा भवन निर्माण गर्न प्राथमिकता दिई सम्बन्धि विद्यालयबाट पत्राचार भई आएकोले हाल ३ कोठे ३ तले भवन निर्माणका लागि ७० लाख र ४ कोठे ३ तले भवन निर्माणको लागि ८० लाख बजेट विनियोजन गरि निर्माण समिति गठन गरि निर्माण समितिबाट निर्माण कार्य गर्न र विद्यालय व्यवस्थापन समिति तथा गाउँकार्यपालिकाबाट निरन्तर अनुगमन गरी स्वीकृत गुरुयोजना बमोजिम निर्माण कार्य अगाडी बाढाउने निणर्य गरियो ।